**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको**
**Tea/Coffee,Confectionery & Gift Shop सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८१/०३/२४)**
**(दोस्रो पटक प्रकाशित मिति २०८१।०४।२४)**

# सूचना नं.५

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मुख्य आगमन द्वार रहेको Golden Gate सँगैको टहरामा रहेको ४.७९ व.मि को सटर र सो सँगै रहेको ११.८० व.मि को Open Space गरी जम्मा १६.५९ व.मि क्षेत्रफलमा Tea/Coffee,Confectionery & Gift Shop सञ्चालन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट सो सेवा सम्बन्धी कारोबार गर्न इजाजतप्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र रा.बा. बैक, गौचर मा रहेको यस कार्यालयको खाता नम्बर १६९०१००००००११०६ मा रु.३,३९०।- (अक्षरेपी :रु तीनहजाार तीन सय नब्बे मात्र) मूल्यअभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, सहित विगत ३ आर्थिक वर्ष (आ.व.७७।७८ देखि २०७९।८० सम्मको) कारोवार खुल्ने प्रमाण र सो अवधीको कर चुक्ता प्रमाण पत्र र यस प्राधिकरणलाई बुझाउनु पर्ने वाँकी बक्यौता रकम नभएको व्यहोराको प्रमाण पेश गरी वोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र)औं दिनको कार्यालय समयभित्र खरिद गरी १६(सोह्र)औं दिनको १२:०० बजे भित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजतपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, आ.व ७९/८० सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको,आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ।

४. Tea/Coffee,Confectionery& Gift Shop सञ्चालनको लागि ठेक्का अवधि पाँच (५) वर्षको हुनेछ। सो अवधिको न्यूनतम ठेक अंक रु.४९,७७,०००।-(अक्षेरेपी:उनान्पचास लाख सतहत्तर हजार मात्र)कायम गरिएको छ। साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुनआउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वत: वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ।

५. यस कार्यालयलाई तिर्न बुझाउन पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्म/संस्था/कम्पनी र सो फर्म/संस्था/कम्पनी को व्यक्ति हिस्सेदार भएको फर्म/संस्था/कम्पनीले सो बक्यौता फर्छ्यौट गरेको कागजात बोलपत्र फाराम खरिद गर्नु पुर्व पेश गर्नुपर्नेछ।

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको रा.बा.बैंक गौचरमा रहेको धरौटी खाता नम्बर १६९०१०००००००७००१ म दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा 'क'वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री त्रि.अ.वि.ना.उ.का.कर्पोरेट महाशाखालाई सम्बोधन गरी कर्पोरेट महाशाखा,त्रि.अ.वि.कार्यालयमा दर्ता गराउनु पर्नेछ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको,केरमेट गरी कबोल रकम नबुझ्नी गरी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१० कार्यालयले यो बोलपत्र सम्बन्धी कार्यवाही कारण खोली वा नखोली जुनसुकै अवस्थामा पुगेको भएपनि रद्द गर्न सक्नेछ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१२. पेश गर्नुपर्ने पमाणपत्र तथा बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१३. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.npर www.tiairport.com.npमा उपलव्ध हुनेछ ।

१४. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१५. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र कर्पोरेट महाशाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

१६. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौतापत्रमा राख्न सकिनेछ।